# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको
## समूह सञ्चालन सम्बन्धी नियमावली २०६२ (सन् २००५)*

एम्नेस्टी इन्टरनेसनल नेपाल

**प्रस्तावना**

एम्नेस्टी इन्टरनेसनलको अभियानलाई जरैदेखि मजबूत पार्नको लागि समूहहरूको भूमिका महत्वपूर्ण हुने कुरालाई हृदयङ्गम गर्दै समूह निर्माण तथा सञ्चालनको लागि उपयुक्त नियमहरू तयार गर्न बाञ्छनीय भएकोले ए.आई. नेपालको विधानले दिएको अधिकार प्रयोग गरी नेशनल बोर्डद्वारा यो "समूह सञ्चालन सम्बन्धी नियमावली २०७३ (२०१६)" तयार गरी लागू गरिएको छ।

परिच्छेद–१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यो नियमावलीको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह संचालन नियमावली, २०६२ (२००५) को दोस्रो संशोधन २०६७ (सन् २०११) र तेस्रो संशोधन २०७३ (२०१६) रहने छ।

(ख) यो नियमावली एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभाबाट अनुमोदन भएपछि तत्काल लागू हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ए.आई." भन्नाले एम्नेस्टी इन्टरनेसनललाई जनाउने छ।

(ख) "विधान" भन्नाले ए. आई. नेपाल शाखाको विधानलाई बुझाउने छ।

(ग) "साधारणसभा" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको राष्ट्रिय परिषद्को बैठक वा समूहहरूको राष्ट्रिय बैठकलाई जनाउनेछ।

(घ) "नेशनल बोर्ड" भन्नाले ए. आई. नेपालको विधान बमोजिम निर्वाचित नेशनल बोर्ड लाई सम्झनु पर्नेछ।

(ङ) "पुनरावेदन समिति" भन्नाले ए. आई. नेपालको विधान बमोजिम निर्वाचित पुनरावेदन समितिलाई जनाउनेछ।

(च) "राष्ट्रिय सचिवालय" भन्नाले ए.आई. नेपाल शाखाको सचिवालयलाई जनाउनेछ।

(छ) "समूह वा निर्माणाधिन समूह" भन्नाले ए.आई. नेपाल शाखाको विधान बमोजिम आवद्धता प्राप्त गरेका समूह वा निर्माणाधिन समूहलाई बुझाउनेछ।

(ज) "समूहगत साधारण सदस्य" भन्नाले सम्बन्धित समूह वा निर्माणाधिन समूह मार्फत् ए.आई. को सदस्यता प्राप्त गरेका सदस्यलाई जनाउनेछ।

(झ) "तोकिएको वा तोकिए बमोजिमका कुराहरू" भन्नाले ए.आई. नेपाल शाखाको विधान, नियमावली, निर्देशिका, कार्यविधि वा नेशनल बोर्ड ले तोकेबमोजिमको कुरालाई जनाउनेछ।

परिच्छेद- २

**समूह निर्माण**

* *१९औं र २५औं वार्षिक साधारणसभाले गरेको संशोधन समाविष्ट*

३. **निर्माणाधिन समूह :**

(१) ए.आई.नेपाल शाखाबाट सदस्यता प्राप्त गरिसकेका कम्तिमा पनि २५ व्यक्तिहरू मिलेर स्वयंसेवी रुपमा ए.आई. को अभियान सञ्चालन गर्न चाहेमा उनीहरूले निर्माणाधिन समूहको आवद्धताका लागि राकासमा लिखित निवेदन दिन सक्नेछन् ।

(२) नियम ३ (१) बमोजिम निवेदन पर्न आएमा नेशनल बोर्डले देहायका कुराहरूलाई विचार गरी निर्माणाधिन समूहको रूपमा आवद्धताको मान्यता दिन सक्नेछ ।

(क) त्यो जिल्लामा अन्य ए.आई. समूह भए नभएको,

(ख) सो जिल्लामा अन्य समूह भए पनि त्यस्तो समूहसँग निजहरूको आवद्ध भई कार्य सञ्चालन गर्न भौगोलिक हिसाबले सम्भव भए नभएको,

(ग) सो ठाउँमा यातायात सुविधा, हुलाक, टेलिफोन वा अन्य विद्युतीय सञ्चार माध्यमको सहज पहुँचको व्यवस्था भए नभएको,

(घ) त्यस्ता समूह संचालनको लागि समूहकै तर्फबाट आवश्यक स्रोत साधनको व्यवस्थापनको सम्भावना,

४. **समूहको रूपमा आवद्धताको मान्यता**

(१) निर्माणाधीन समूहको रूपमा कम्तीमा ६ महिनाभित्रमा तोकिए बमोजिम ए.आई. अभियान सञ्चालन गरे पश्चात् समूहको रूपमा आवद्धताको मान्यता पाउनको लागि प्रस्तावित विनियम तथा तदर्थ कार्यसमितिको नामावलीसहित नेशनल बोर्डमा आवेदन गरेमा नेशनल बोर्डले समूहको आवद्धताको मान्यता दिई अन्तर्राष्ट्रिय सचिवालय ( आई.एस.) मा जानकारी गराउनेछ । अन्तर्राष्ट्रिय सचिवालयमा समूह नम्बर सहित जानकारी गराएपछि पूर्ण समूहको आवद्धताको मान्यता प्राप्त हुनेछ ।

(२) समूह तथा निर्माणाधिन समूहहरूको आवद्धताको मान्यता र अमान्यता यसका लागि पारित अन्तर्राष्ट्रिय निर्देशानुसार हुनेछ । ए.आई. नेपालमा आवद्ध भएका समूहहरूको मान्यता र अमान्यता सम्बन्धी नेशनल बोर्डको निर्णयमा अन्तर्राष्ट्रिय निर्देशनहरूको पालना भएको हुनुपर्ने छ ।

(३) निर्माणाधिन समूह तथा समूहको रूपमा आवद्धताको मान्यता प्राप्त गरेपछि त्यस्ता समूहहरूले नेशनल बोर्डले तोकेबमोजिमको दर्ता शुल्क र वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

## परिच्छेद- ३
## समूह संचालन

५. **समूह साधारणसभा :**

साधारणसभा समूह वा निर्माणाधिन समूहको नीतिगत निर्णय लिने सर्वोच्च निकाय हुनेछ । यसको बैठक प्रत्येक वर्ष बस्नेछ र यस्तो बैठक ए.आई. नेपाल शाखाको वार्षिक साधारणसभा हुनुभन्दा २ महिना अगाडि नै सम्पन्न हुनु पर्नेछ । समूह साधारणसभाले अभियानको प्राथमिकता निर्धारण गर्ने, समूह कार्यसमितिको नियमित निर्वाचन गर्ने र समूहको वार्षिक प्रगति विवरण, कार्ययोजना, आर्थिक प्रतिवेदन तथा वार्षिक बजेट पारित गर्नेछ ।

६. **समूहको कार्यसमिति :**

(क) समूह वा निर्माणाधिन समूह संचालनका लागि हरेक समूह तथा निर्माणाधिन समूहमा देहायबमोजिमको सदस्यहरू रहेको कार्यसमिति हुनु पर्नेछ :

| | |
|---|---|
| १) संयोजक | -१ |
| २) उप-संयोजक | -१ |
| ३) सचिव | -१ |
| ४) सहसचिव | -१ |
| ५) कोषाध्यक्ष | -१ |
| ६) सदस्यहरू | -४ |

समूह कार्य समितिमा कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ ।

(ख) समूह कार्यसमितिका पदाधिकारीहरूको पदावधि दुई वर्षको हुनेछ ।

(ग) संयोजक, उपसंयोजक, सचिव, सहसचिव र कोषाध्यक्षले लगातार दुई कार्यकालसम्म निर्वाचित भइसकेपछि पुनः तेस्रो कार्यकालको लागि सोही पदमा उम्मेदवारी दिन पाउने छैन भने कार्यसमितिका कुनै पनि पदमा एउटै व्यक्तिले लगातार ३ कार्यकाल भन्दा बढीका लागि उम्मेदवारी दिन सक्ने छैन ।

**७. समूह र निर्माणाधिन समूहको काम, कर्तव्य र अधिकार**

(१) नियमित रूपमा ए.आई.द्वारा अन्तर्राष्ट्रिय रुपमा सञ्चालित अभियान सम्बन्धमा स्थानीयस्तरमा गतिविधिहरु सञ्चालन गर्ने,

(२) ए.आई.को क्रियाकलापहरूको प्रचारप्रसार गर्ने

(३) सदस्यता अभिवृद्धि गर्ने, तिनको अभिलेख दुरुस्त राख्ने र सदस्यहरुलाई अभियानसँग सम्बन्धित जानकारी दिलाउने ।

(४) विषयगत संयोजक वा समिति तोकी जिम्मेवारी दिने ।

(५) वार्षिक कार्ययोजना, समूह गतिविधि एवं आर्थिक प्रतिवेदन र वार्षिक बजेट समूह साधारणसभाबाट पारित गराई राष्ट्रिय सचिवालयमा बुझाउने

(६) प्रत्येक समूह तथा निर्माणाधिन समूहले ६-६ महिनामा आफ्नो सदस्यता, कार्यसमिति निर्णयको प्रतिलिपि, समूह गतिविधि, आर्थिक विवरण र तोकिए बमोजिमका प्रतिवेदन वा जानकारीहरु नेशनल बोर्डमा उपलब्ध गराउने,

(७) सामान्यतया प्रत्येक महिना समूहको कार्यसमितिको बैठक गर्ने,

(८) प्रत्येक वर्ष समूहको साधारणसभा सम्पन्न गर्ने

(९) ए.आई. नेपालको साधारणसभामा भाग लिने तथा आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म ए.आई. नेपलका कार्यक्रममा सहभागी हुने

(१०) समूह संचालनका लागि नेशनल बोर्डले तोकेको ढाँचा बमोजिमको विनियम बनाई नेशनल बोर्डमा अनुमोदनको लागि पेश गर्ने,

(११) अन्तरराष्ट्रिय सचिवालय र नेशनल बोर्डको निर्देशानुसार काम गर्ने

(१२) अर्थ संकलन गर्ने र आय-व्यय तथा सम्पत्तिको विवरण दुरुस्त राख्ने,

(१३) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**८. समूहगत साधारण सदस्यता प्राप्ति तथा नवीकरण**

(क) सदस्यता प्राप्ति

(१) कुनै समूहले कुनै व्यक्तिलाई सदस्यता सिफारिस गर्दा तोकिएको ढाँचाको आवेदन फारम भर्न लगाई कार्य समितिको प्रमाणित निर्णय, वा कार्य समितिको संयोजक वा सचिव वा कार्यसमितिले तोकेको अन्य कुनै सदस्यको सिफारिश र सदस्यता शुल्कका साथ राष्ट्रिय सचिवालयमा पठाउनु पर्नेछ ।

(२) विशेष समूह, जस्तै : शिक्षक समूह वा कानुन व्यवसायी समूह, मार्फत् पहिलोपटक सदस्यता लिने व्यक्तिहरुले आफ्नो पेशागत वा विशेष परिचय खुल्ने परिचयपत्रको प्रतिलिपि तथा अन्य समूह मार्फत् सदस्यता लिन चाहने व्यक्तिले नागरिकता वा सरकारी निकायबाट प्राप्त परिचय पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

(३) सदस्यता आवेदन राष्ट्रिय सचिवालयमा प्राप्त भएपछि नेशनल बोर्डले तोकेको व्यक्तिको सिफारिसमा ए.आई. को साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(४) समूहले राष्ट्रिय सचिवालयमा बुझाउनु पर्ने सदस्यता शुल्क बाहेक नेशनल बोर्डको स्वीकृति लिई समूहको कार्यसमितिले तोके बमोजिमको समूह सहयोग शुल्क समेत लिन सक्नेछ ।

(ख) सदस्यता नवीकरण

(१) हरेक समूहगत साधारण सदस्यले आफ्नो सदस्यता समाप्त भएको छ महिनाभित्रमा सम्बन्धित समूहको संयोजक, सचिव वा कार्य समितिले तोकेको व्यक्तिको सिफारिससहित आवश्यक शुल्क बुझाई सदस्यता नवीकरण गर्न सक्नेछन् ।

(२) समूहले आफ्नो कोष बृद्धिको लागि समूहको कार्यसमितिले तोके बमोजिमको सदस्यता नवीकरण शुल्क उठाउन सक्नेछ ।

**९. समूहको खारेजी**

देहायकोमध्ये कुनै पनि आधार वा प्रक्रिया पूरा नगरेको अवस्थामा नेशनल बोर्डले समूहको आवद्धताको मान्यता खारेज गर्न सक्नेछ :

(१) विधानको दफा ६.५ मा उल्लिखित कार्यादेश विपरित कार्य गरेमा ।

(२) वर्षमा कम्तिमा पनि ए.आई. ले सञ्चालन गरेको अन्तर्राष्ट्रिय अभियानसँग सम्बन्धित ३ वटा सार्वजनिक कार्यक्रम नगरेमा,

(३) समूहमा ६ महिना भन्दा बढी समयसम्म लगातार समूह रहीरहनका लागि तोकिएको न्यूनतम भन्दा कम सदस्य भएमा,

(४) दुई वर्षभन्दा लामो समयसम्म साधारणसभा नगरेमा ।

(५) देहाय बमोजिमको न्यूनतम ४ वटा कार्यहरू गर्न नसकेमा

(क) वार्षिक कार्ययोजना, समूह कार्यसमिति बैठकको निर्णय, समूह गतिविधि एवं आर्थिक प्रतिवेदन र वार्षिक बजेट समूह साधारणसभाबाट पारित गराई सचिवालयमा नबुझाएमा,

(ख) तोकिएको म्यादभित्र समूहको विनियम सचिवालयमा पेश गर्न नसकेमा,

(ग) समूह कार्यसमितिको बैठक वर्षमा कम्तीमा ४ पटक बस्न नसकेमा,

(घ) म्याद नाघेको एक वर्षभित्र समूहको नवीकरण नगराएमा,

(ङ) प्रत्येक ६-६ महिनामा आफ्नो सदस्यता, क्रियाकलापहरू, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरू सम्बन्धी प्रतिवेदन नेशनल बोर्डमा उपलब्ध नगराएमा

(च) ए.आई. नेपालको साधारणसभामा भाग नलिएमा

(छ) समूह कार्यसमितिको निर्णय (माइन्युट), सदस्यता रेकर्ड, आर्थिक विवरण, समूह गतिविधि तथा पत्राचार लगायतका विस्तृत विवरण सहितको अभिलेख व्यवस्थित गरी नराखेमा

(ज) तोकिए बमोजिम समूह नेतृत्व हस्तान्तरण नगरेमा ।

**१०. चेतावनी :**

नियम ९ को कुनै अवस्था विद्यमान भई समूह खारेज गर्नु पर्ने अवस्थामा देहायका कुराहरू हेर्दा नेशनल बोर्डले तत्काल सम्बन्धित समूह खारेज गर्न अनुपयुक्त हुने देखेमा एक पटकको लागि चेतावनी दिन वा निलम्बन गर्न सक्नेछ :

(१) सचिवालयमा माग भए बमोजिमका आवधिक प्रतिवेदनहरू पेश गरेको,

(२) वार्षिक योजना तथा बजेट तर्जुमा गरी सचिवालयमा पठाएको,

(३) तोकिए बमोजमका संयोजकहरू नियुक्त गरी तिनले सक्रियतापूर्वक कार्य गरिरहेको,

(४) उपयुक्त ढङ्गबाट पत्राचारहरू तथा अन्य फाइलहरू दुरूस्त पारी राखेको,

५) राष्ट्रिय सचिवालयसँग नियमित पत्राचार गर्ने तथा राष्ट्रिय सचिवालयबाट पठाइएका पत्रहरूको नियमित जवाफ पठाउने गरे नगरेको,

(६) ए.आई. द्वारा प्रकाशित जरूरी अपिल लगायत पत्रलेखन अभियानहरूमा नियमित रूपमा पत्राचार गरी सचिवालयमा बोधार्थ पठाउने गरे नगरेको,

(७) कोष बृद्धिमा सक्रिय रहे नरहेको,

(८) नेशनल बोर्डले आयोजना गर्ने गरेको कार्यक्रमहरूमा सहभागी भए नभएको ,

(९) नेशनल बोर्डले सुझाव दिएबमोजिम कार्यक्रमहरू संचालन गर्ने गरे नगरेको,

(१०) ए.आई. नेपालको साधारणसभामा सहभागिता भए नभएको ।

## परिच्छेद-४
## विविध

**११. समूहको विनियम :**

(१) यो समूह सञ्चालन सम्बन्धी नियमावली संशोधन भई लागू भएको मिति भन्दा अगाडि नेशनल बोर्डबाट विनियम स्वीकृत गराई सञ्चालन भइरहेका समूहले यो नियमावली अनुसार समूह विनियम संशोधन गरी स्वीकृतिका लागि नेशनल बोर्डमा पठाउनु पर्नेछ ।

(२) कुनै समूहले विनियममा कुनै कुरा संशोधन गरेमा सोको जानकारी सचिवालयमा पठाई नेशनल बोर्डबाट अनुमोदन भए पश्चात् मात्र लागू हुनेछ ।

(३) समूहले बनाएको विनियम ए.आई.नेपालको विधान वा ए.आई. नेपालका अन्य नियमावलीहरूसँग बाझिएको भएमा बाझिएको हदसम्म अमान्य भई ए.आई. नेपालको विधान वा नियमावलीहरू अनुरूप हुनेछ ।

**१२. नेशनल बोर्ड, समूह संचालनको निमित्त जिम्मेवार नहुने :**

(क) नेशनल बोर्ड, समूह वा निर्माणाधिन समूहलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउने कुरामा जिम्मेवार हुने छैन

(ख) कुनै समूह वा निर्माणाधिन समूहको ऋण, धन वा आर्थिक दायित्वप्रति नेशनल बोर्ड जिम्मेवार रहने छैन ।

**१३. नियमावलीको व्याख्या तथा बचाऊ :**

(१) यो नियमावलीको व्याख्या गर्ने अन्तिम अधिकार नेशनल बोर्डमा हुने छ ।

(२) समूह संचालनको निमित्त यो नियमावलीमा लेखिएका कुराहरूमा यसै नियमावली बमोजिम हुने छ । यो नियमावली वा यसमा लेखिएका कुनै कुरा एम्नेस्टी इन्टरनेसनल वा ए.आई.नेपालको विधानसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

♣ समाप्त ♣